SANCHARIKA SAMUHA
WOMEN COMMUNICATORS' FORUM

# Sancharika Samuha

FORUM OF WOMEN JOURNALISTS AND COMMUNICATORS

Promoting Communication for Equality

२०७१/०७/१३

## प्रेस विज्ञप्ति

सञ्चारिका समूह नेपालद्धारा स्थापित २०७० सालको **"सञ्चारिका समानता पुरस्कार"** नागरिक दैनिकमा प्रकाशित **"फैलाउँदै आधा आकाश"** फिचरका लागि पत्रकार वसन्त बस्नेतलाई दिने निर्णय गरिएको छ। उक्त पुरस्कारको राशि रू. १५ हजार रहेको छ। उक्त फिचर २०७० साल फागुन २४ गते (8th March, 2014) नागरिक दैनिकमा प्रकाशित भएको थियो। पुरस्कारका लागि समूहले गत २०७० वैशाख १ देखि २०७० चैत्र ३० सम्म छापिएका लैङ्गिक समानतामा आधारित समाचार/लेख/फिचरबाट छनोट गरेको थियो। छनोट गरिएका फिचरहरु तीन सदस्यीय निर्णायक मण्डललाई उपलव्ध गराईएको थियो। पुरस्कार छनोट समितिमा नेपाल पत्रकार महासंघका अध्यक्ष **महेन्द्र विष्ट**, वरिष्ठ पत्रकार **धुवहरि अधिकारी** र सञ्चारिका समूहकी कोषाध्यक्ष **विमला तुम्खेवा** रहनुभएको थियो। छनोट समितिले समाचार/लेख/फिचरको शैली, विषयवस्तु, सन्देश, लैङ्गिक संवेदनशीलता, अन्वेषणजस्ता विषयवस्तुलाई आधार बनाएर मूल्याङ्कन गरेको थियो। पुरस्कारका लागि छनोट भएका समाचार/लेख/फिचरमा सञ्चारिका समूहको मासिक प्रकाशन **'सञ्चारिका फिचर सेवा'** मा प्रकाशित लेख र समूहका कार्यसमितिमा रहेका पदाधिकारीहरूको समाचार/लेख/फिचर समावेश गराइएको थिएन। साथै छनोट तथा मूल्याङ्कन प्रक्रियालाई निष्पक्ष बनाउनका लागि छनोट समितिलाई सामग्रीहरू उपलब्ध गराउँदा पत्रकार र पत्रिकाको नामसमेत खुलाइएको थिएन।

**'समानताका लागि सञ्चार'** भन्ने आफ्नो मूल नारालाई सफल रूपमा अघि बढाउने उद्देश्यले सञ्चारिका समूहले २०५७ सालदेखि हरेक वर्ष यो पुरस्कार प्रदान गर्दै आएको छ। छापा माध्यममा लैङ्गिक संवेदनशीलतामा आधारित वर्ष भरिका उत्कृष्ट समाचार/लेख/फिचर लेख्ने एक जना पत्रकारलाई पुरस्कृत गर्दै आएकोमा समुहले यस पुरस्कारका लागि २०७० सालदेखि विद्युतिय सञ्चार माध्यमलाई पनि समेट्न थालेको छ।

यसैगरी २०६६ सालमा स्थापना गरिएको **"स्व. उमा सिंह पत्रकारिता पुरस्कार २०७०"** धनुषाबाट पत्रकारिता गर्दै आएनुभएकी पत्रकार प्रतिभा झालाई दिने निर्णय गरिएको छ। पत्रकार झा जनकपुर रेडियो मिथिलामा कार्यरत हुनुहुन्छ। स्व. पत्रकार उमा सिंहको नाममा स्थापना गरिएको उक्त पुरस्कार पत्रकार महिलाहरूलाई पेशामा थप उत्साह बढाउनका लागि २०६६ सालमा स्थापना भएको हो। उक्त पुरस्कारको राशि रू. ७,१११- (सात हजार एक सय एघार) रहेको छ।

यसै गरी २०७० सालको "**सञ्चारिका प्रोत्साहन पुरस्कार**" गोरखापत्र दैनिकका फोटो पत्रकार कविता थापा र सगरमाथा टेलिभिजनका पत्रकार दिलिपाश्री अधिकारीलाई दिने निर्णय गरिएको छ। पत्रकार कविता र दिलिपाश्री दुवैजनाले काठमाण्डौबाट पत्रकारिता गर्दैआउनुभएको छ। पत्रकार महिलाहरूलाई पेशामा थप उत्साह बढाउन सहयोग पुग्ने उद्देश्यले २०६२ सालमा **'सञ्चारिका प्रोत्साहन पुरस्कार'** स्थापना गरिएको हो। सबै पुरस्कार यही कात्तिक १७ गते, सोमबार (नोभेम्बर ३, २०१४) का दिन समूहको काठमाडौँमा हुने १८ औं वार्षिकोत्सवको उद्घाटन समारोहका अवसरमा प्रदान गरिनेछ।

**कमला पन्थी**

**सचिव**

P.O. Box 13293, Kathmandu, Nepal Phone: 977-1-5530192, 5551182, Fax: 977-1-5551182 Email: sancharika@wlink.com.np
Website: www.sancharika.org